स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १०, भाग २, संख्या ५, मिति २०८३ भाद्र २४ गते

**भाग- २**

**बौदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बौदीकाली गाउँपालिकाको ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

## प्रस्तावना

सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थी संख्या वृद्धि, स्रोत-साधनको प्रभावकारी उपयोग, विद्यालय समायोजन तथा एकीकरणलाई प्रोत्साहन, आधुनिक भौतिक पूर्वाधार तथा प्रविधिमैत्री शिक्षण वातावरणको विकास गरी नमुना ठूला विद्यालय (Big School) को अवधारणा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम बौदीकाली गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद– १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम **"बौदीकाली गाउँपालिकाको ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

यस कार्यविधिमा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा—

(क) "पालिका" भन्नाले बौदीकाली गाउँपालिकालाई जनाउँछ।

(ख) "कार्यपालिका" भन्नाले बौदीकाली गाउँ कार्यपालिकालाई जनाउँछ।

(ग) "कार्यक्रम" भन्नाले ठूला विद्यालय (Big School) विकास कार्यक्रमलाई जनाउँछ।

(घ) "विद्यालय" भन्नाले नेपाल सरकारबाट स्वीकृति प्राप्त सामुदायिक विद्यालयलाई जनाउँछ।

(ङ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित छनोट समितिलाई जनाउँछ।

(च) "अनुदान" भन्नाले यस कार्यक्रम अन्तर्गत पालिकाबाट उपलब्ध गराइने रकमलाई जनाउँछ।

## परिच्छेद– २
## उद्देश्य

**३. उद्देश्य**

यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन्—

(क) सामुदायिक विद्यालयलाई नमुना ठूला विद्यालयको रूपमा विकास गर्ने।

(ख) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।

(ग) विद्यार्थी आकर्षण तथा टिकाउपन वृद्धि गर्ने।

(घ) प्रविधिमैत्री सिकाइ वातावरण विकास गर्ने।

(ङ) विद्यालय समायोजन तथा स्रोतको प्रभावकारी उपयोग गर्ने।

(च) विद्यालयलाई दीर्घकालीन रूपमा आत्मनिर्भर बनाउने।

## परिच्छेद– ३
## सूचना प्रकाशन तथा आवेदन

**४. सूचना प्रकाशन**

(१) कार्यक्रम सञ्चालनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको अधीनमा रही सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) सूचना कम्तीमा १५ (पन्ध्र) दिनको हुनेछ।

(३) सूचना गाउँपालिकाको वेबसाइट, सूचना पाटी, सामाजिक सञ्जालमा प्रकाशन गरिनेछ।

**५. आवेदन दिन सक्ने विद्यालय**

देहायका विद्यालय आवेदन दिन योग्य हुनेछन्-

(क) सामुदायिक विद्यालय ।

(ख) माध्यमिक तह सञ्चालन भएको विद्यालय ।

(ग) विद्यालय सुधार योजना (SIP) स्वीकृत भएको।

(घ) विद्यालय व्यवस्थापन समितिको निर्णय भएको ।

(ङ) कार्यक्रम सञ्चालन गर्न आवश्यक जग्गा उपलब्ध भएको ।

(च) पालिकाले तोकेका अन्य आधार पूरा गरेको ।

**६. आवेदन साथ पेश गर्नुपर्ने कागजात**

(क) तोकिएको ढाँचाको आवेदन ।

(ख) कार्यक्रम माग गर्ने तथा कार्यक्रम प्राप्त भएको खण्डमा प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रतिवद्धता सहित विद्यालय व्यवस्थापन समितिको निर्णय।

(ग) अद्यावधिक विद्यालय सुधार योजना (SIP)।

(घ) चालु शैक्षिक सत्रको EMIS मा रहेको विद्यार्थी संख्या विवरण।

(च) शिक्षक दरबन्दी विवरण।

(छ) जग्गा सम्बन्धी प्रमाण ।

(ज) प्रस्तावित विकास योजना।

(झ) लागत अनुमान ।

(ञ) अन्य आवश्यक कागजात।

## परिच्छेद– ४
## छनोट प्रक्रिया

**७. प्रारम्भिक परीक्षण**

(१) शिक्षा शाखाले प्राप्त आवेदनको प्रारम्भिक परीक्षण गर्नेछ।

**८. स्थलगत निरीक्षण**

प्रारम्भिक परीक्षणमा योग्य ठहरिएका विद्यालयको स्थलगत निरीक्षण गरिनेछ। निरीक्षणमा निम्न पक्षहरुको मूल्याङ्कन गरिनेछः

- भौतिक पूर्वाधार
- विद्यार्थी संख्या
- कक्षाकोठा
- प्रयोगशाला
- पुस्तकालय
- ICT
- खेलमैदान

- खानेपानी
- शौचालय
- समुदायको सहयोग

**९. छनोट समिति**

गाउँ शिक्षा समितिले प्राप्त आवेदन अध्ययन गरी विद्यालय छनोट गर्नेछ । सोको लागि स्थलगत निरिक्षण गर्नुका साथै शिक्षा शाखाबाट आवश्यक राय माग गर्न सक्नेछ ।

**१०. मूल्याङ्कनका आधार**

कार्यक्रमको लागि विद्यालय छनोट गर्दा निम्न आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

| **आधार** | **अंक** |
|---|---|
| विद्यार्थी संख्या | २० |
| भौतिक पूर्वाधार | १५ |
| शैक्षिक उपलब्धि | १५ |
| विद्यालय सुधार योजना | १० |
| समुदायको योगदान | १० |
| आवश्यकताको आधार | १० |
| पहुँच | १० |
| नवप्रवर्तन योजना | ५ |
| स्थलगत निरीक्षण | ५ |
| वातावरण तथा सरसफाइ | १० |

| **आधार** | **अंक** |
|---|---|
| **जम्मा** | १०० |

कम्तीमा ६० अंक प्राप्त गर्ने विद्यालय मात्र छनोटका लागि योग्य हुनेछन्।

## परिच्छेद– ५
## विद्यालय छनोट तथा स्वीकृति

**११. मूल्याङ्कन तथा सिफारिस**

(१) शिक्षा समितिले दफा १० बमोजिमको मूल्याङ्कनका आधारमा प्रत्येक विद्यालयलाई अंक प्रदान गर्नेछ।

(२) आवश्यक परे सम्बन्धित विद्यालयसँग थप कागजात वा स्पष्टीकरण माग गर्न सकिनेछ।

(३) मूल्याङ्कन सम्पन्न भएपछि प्राप्ताङ्कका आधारमा योग्य विद्यालय छनोट गरी सार्बजनिक गरिनेछ।

(४) समान अंक प्राप्त भएमा देहायको आधारमा प्राथमिकता दिइनेछः

(क) बढी विद्यार्थी संख्या भएको विद्यालय।

(ख) विद्यालय समायोजनबाट स्थापित विद्यालय।

(ग) भौगोलिक रूपमा दुर्गम क्षेत्रको विद्यालय।

(घ) समुदायको बढी लागत साझेदारी भएको विद्यालय।

## परिच्छेद– ६
## सम्झौता तथा कार्यक्रम सञ्चालन

**१२. सम्झौता**

(१) छनोट भएका विद्यालयसँग गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौता गर्नेछ ।

(२) सम्झौतामा देहायका विषय समावेश हुनेछन्-

- कार्यक्रमको उद्देश्य
- कार्य विवरण
- स्वीकृत बजेट
- लागत साझेदारी (भएमा)
- कार्य सम्पन्न गर्ने अवधि
- अनुदान निकासा प्रक्रिया
- प्रतिवेदन पेश गर्ने व्यवस्था
- अनुगमन
- दायित्व तथा जिम्मेवारी
- सम्झौता रद्द हुने अवस्था

**१३. विद्यालयको जिम्मेवारी**

छनोट भएको विद्यालयलको जिम्मेवारी निम्नानुसार हुनेछ-

- स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने।
- अनुदान तोकिएको शीर्षकमा मात्र खर्च गर्ने।
- सार्वजनिक खरिद ऐन तथा नियमावली पालना गर्ने।
- समयमै प्रगति प्रतिवेदन पेश गर्ने।
- सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण गर्ने।
- लेखापरीक्षण गराउने।

**१४. गाउँपालिकाको जिम्मेवारी**

कार्यक्रम सञ्चालनको सन्दर्भमा गाउँपालिकाको जिम्मेवारी निम्नानुसार हुनेछ ।

- प्राविधिक सहयोग उपलब्ध गराउने।
- नियमित अनुगमन गर्ने।
- सम्झौताबमोजिम अनुदान उपलब्ध गराउने।
- आवश्यक निर्देशन दिने।
- मूल्याङ्कन गर्ने।

## परिच्छेद-७
## अनुदान तथा वित्तीय व्यवस्थापन

**१५. अनुदान रकम खर्च गर्न सकिने क्षेत्र तथा शीर्षक**

यस कार्यविधि बमोजिम प्राप्त अनुदान रकम स्वीकृत कार्यक्रम तथा गाउँपालिकासँग भएको सम्झौताअनुसार देहायका शीर्षकमा खर्च गर्न सकिनेछः

**(क) शैक्षिक तथा भौतिक पूर्वाधार विकास**

१. कक्षाकोठा निर्माण, मर्मत तथा स्तरोन्नति।
२. प्रशासनिक भवन, बहुउद्देश्यीय हल, पुस्तकालय, प्रयोगशाला तथा ICT कक्ष निर्माण वा सुधार।
३. खानेपानी, सरसफाइ, शौचालय तथा फोहोर व्यवस्थापन।
४. खेलमैदान, कम्पाउण्ड वाल, गेट, नाली तथा विद्यालय परिसर व्यवस्थापन।
५. अपाङ्गतामैत्री संरचना निर्माण।

**(ख) शैक्षिक सामग्री तथा प्रविधि**

१. कम्प्युटर, ल्यापटप, स्मार्ट बोर्ड, प्रोजेक्टर, प्रिन्टर, सर्भर, नेटवर्क उपकरण तथा डिजिटल सिकाइ सामग्री।
२. विज्ञान प्रयोगशाला, पुस्तकालय तथा STEM/STEAM सामग्री।
३. विद्यालय व्यवस्थापन सूचना प्रणाली (MIS) तथा डिजिटल कक्षा सञ्चालनका लागि आवश्यक उपकरण।

**(ग) फर्निचर तथा कार्यालय व्यवस्थापन**

१. विद्यार्थीका लागि आवश्यक फर्निचर।
२. शिक्षक तथा कार्यालयको लागि आवश्यक फर्निचर।
३. पुस्तकालय तथा प्रयोगशालाका फर्निचर।

४. अभिलेख व्यवस्थापनका लागि आवश्यक उपकरण।

**(घ) विद्यालय यातायात तथा सेवा विस्तार**

विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको सुरक्षित आवतजावत, विद्यालय समायोजनपश्चात् सेवा क्षेत्र विस्तार तथा शैक्षिक सेवाको पहुँच सुनिश्चित गर्न आवश्यक परे गाउँपालिकाको पूर्वस्वीकृतिमा देहायका सवारी साधन खरिद गर्न सकिनेछः

- विद्यालय बस
- मिनी बस
- भ्यान
- विद्युतीय (Electric) विद्यालय सवारी साधन

**(ङ) नवप्रवर्तन तथा विद्यालय विकास**

१. विद्यालयको गुरुयोजना (Master Plan) कार्यान्वयन।
२. हरित विद्यालय कार्यक्रम।
३. नवप्रवर्तनमूलक शिक्षण तथा सिकाइ कार्यक्रम।
४. विद्यालयको ब्रान्डिङ, सूचना प्रणाली तथा गुणस्तर सुधारसम्बन्धी कार्य।

**१६. खर्च गर्न नपाइने शीर्षक**

अनुदान रकम देहायका शीर्षकमा खर्च गर्न पाइने छैनः
१. शिक्षक तथा कर्मचारीको नियमित तलब, भत्ता वा सेवा सुविधा।
२. बैठक भत्ता, अतिथि सत्कार, भोजभतेर तथा उपहार।
३. व्यक्तिगत प्रयोजनका सामग्री खरिद।
४. राजनीतिक, धार्मिक वा गैरशैक्षिक कार्यक्रम।
५. विद्यालयको नियमित प्रशासनिक सञ्चालन खर्च (बिजुली, टेलिफोन, इन्टरनेट, इन्धन, कार्यालय सामग्री आदि)।
६. पुरानो ऋण वा दायित्व भुक्तानी।
७. कार्यविधि तथा सम्झौतामा उल्लेख नभएका अन्य शीर्षक।

**१७. अनुदान रकम**

(१) कार्यक्रमका लागि गाउँ सभाबाट स्वीकृत बजेटको सीमाभित्र रही अनुदान उपलब्ध गराइनेछ ।

**१८. किस्ताबन्दी निकासा**

अनुदान देहायबमोजिम उपलब्ध गराइनेछ-

| किस्ता | प्रतिशत | आधार |
|---|---|---|

| किस्ता | प्रतिशत | आधार |
|---|---|---|
| पहिलो किस्ता | ५०% | सम्झौतापछि। |
| अन्तिम किस्ता | ५०% | कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक प्रतिवेदन तथा सार्वजनिक परीक्षणपछि। |

## परिच्छेद-८
## अनुगमन तथा मूल्याङ्कन

### १९. अनुगमन समिति

कार्यक्रमको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्नेछ । उक्त कार्यको लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ-

- गाउँपालिका अध्यक्ष - संयोजक
- उपाध्यक्ष - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- प्राविधिक शाखा प्रमुख - सदस्य
- शिक्षा शाखा प्रमुख - सदस्य सचिव

## परिच्छेद– ९
## कारबाही

### २०. अनियमितता

देहायको अवस्थामा गाउँपालिकाले विद्यालयलाई कारबाहि गर्न सक्नेछ ।

- झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा।
- अनुदान दुरुपयोग गरेमा।
- सम्झौताविपरीत खर्च गरेमा।
- कार्यक्रम सञ्चालन नगरेमा।

कारबाहि अनियमितताको प्रकृति बमोजिम देहाय अनुसारको हुन सक्नेछः

- अनुदान रोक्का गर्न सक्ने।
- सम्झौता रद्द गर्न सक्ने।
- रकम फिर्ता माग गर्न सक्ने।
- प्रचलित कानूनबमोजिम कारबाही गर्न सक्ने।

**२१. विविध**

(१) यस कार्यविधिमा उल्लेख नभएको विषयमा गाउँ कार्यपालिकाले निर्णय गर्नेछ।

(२) आवश्यक निर्देशिका, मापदण्ड तथा फाराम शिक्षा शाखाले तयार गर्नेछ।

(३) यस कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

**अनुसूची– १**

**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**
**बौदीकाली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**
प्रथम पटक प्रकाशित मिति : ...............

**ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष .......... को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, बजेट तथा "बौदीकाली गाउँपालिकाको ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिम पालिकाभित्रका सामुदायिक विद्यालयहरूलाई नमूना तथा स्रोत-सम्पन्न ठूला विद्यालयको रूपमा विकास गर्ने उद्देश्यले देहायबमोजिम प्रस्ताव (आवेदन) आह्वान गरिएको छ। इच्छुक र योग्य विद्यालयले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र आवेदन पेश गर्नुपर्नेछ।

**१. कार्यक्रमको उद्देश्य**

(क) विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने।
(ख) विद्यालय समायोजन तथा सेवा क्षेत्र विस्तारलाई प्रोत्साहन गर्ने।
(ग) गुणस्तरीय भौतिक पूर्वाधार तथा प्रविधिमैत्री सिकाइ वातावरण विकास गर्ने।
(घ) विद्यालयलाई नमूना (Model Big School) को रूपमा विकास गर्ने।

**२. आवेदन दिन सक्ने विद्यालय**

देहायका योग्यता पूरा गरेका सामुदायिक विद्यालयहरूले आवेदन दिन सक्नेछन्-
(क) बौदीकाली गाउँपालिकाभित्र सञ्चालनमा रहेको सामुदायिक विद्यालय।
(ख) विद्यालय व्यवस्थापन समितिको निर्णय भएको।
(ग) विद्यालय सुधार योजना (SIP) अद्यावधिक रहेको।
(घ) कार्यविधिमा उल्लेखित न्यूनतम मापदण्ड पूरा गरेको।

**३. आवेदनका साथ पेश गर्नुपर्ने कागजात**

१. अनुसूची-२ बमोजिमको आवेदन फाराम।
२. विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि।
३. विद्यालय सुधार योजना (SIP)।
४. EMIS विवरण।
५. विद्यार्थी तथा शिक्षक विवरण।
६. प्रस्तावित कार्यक्रम तथा कार्ययोजना।
७. लागत अनुमान (आवश्यक परे)।
८. जग्गा स्वामित्व वा प्रयोगको प्रमाण (भौतिक पूर्वाधार निर्माण भएमा)।
९. अन्य आवश्यक कागजात।

(कार्यालयको छाप)

.........................................
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका
डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

## अनुसूची– २

**(दफा ६ सँग सम्बन्धित)**

ठूला विद्यालय (**Big School)** विकास कार्यक्रम

**आवेदन फाराम**

भाग– १ः सामान्य विवरण

| | |
|---|---|
| विद्यालयको नामः | |
| विद्यालयको ठेगानाः | |
| वडा नं. | |
| स्थापना वर्षः | |
| **EMIS Code** | |
| विद्यालयको प्रकार | |
| सम्पर्क नं. | |
| ईमेलः | |

भाग-२ः शैक्षिक विवरण

| विवरण | संख्या |
|---|---|
| जम्मा विद्यार्थी | |
| छात्र | |

| विवरण | संख्या |
|---|---|
| छात्रा | |
| शिक्षक | |
| स्थायी | |
| राहत | |
| करार | |

**भाग-३: विद्यालयको अवस्था**

| विवरण | छ | छैन |
|---|---|---|
| SIP | | |
| ICT Lab | | |
| Science Lab | | |
| Library | | |
| Playground | | |
| Hostel | | |
| Internet | | |
| CCTV | | |

**भाग-४: प्रस्तावित कार्यक्रम**

१. सञ्चालन गरिने कार्यक्रमको नामः

२. कार्यक्रमको उद्देश्यः

३. सञ्चालन गरिने क्रियाकलापहरुः

४. अपेक्षित उपलब्धिः

५. कार्यान्वयन अवधिः

**भाग-५: अनुमानित लागत**

| **विवरण** | **रकम** |
|---|---|
| पालिकाबाट माग | |
| विद्यालय योगदान | |
| समुदाय योगदान | |
| अन्य | |
| **जम्मा** | |

**भाग-६: स्वघोषणा**

हामीले पेश गरेका सम्पूर्ण विवरण सत्य, सही र यथार्थ रहेको तथा झुट्टा प्रमाणित भएमा प्रचलित कानूनबमोजिम कारबाही स्वीकार गर्नेछौं।

**प्रधानाध्यापक**
नामः
हस्ताक्षरः
मितिः

**विद्यालय व्यवस्थापन समिति अध्यक्ष**
नामः
हस्ताक्षरः
मितिः

## अनुसूची-३

### अनुसूची-३ (क): मूल्याङ्कनका आधार तथा अंक प्रदान गर्ने मापदण्ड

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक प्रदान गर्ने आधार | अधिकतम अंक |
|---|---|---|---|
| १ | विद्यार्थी संख्या | ३०० भन्दा कम = ५, ३००–४९९ = १०, ५०० वा बढी = १५ | १५ |
| २ | विद्यालय समायोजन | समायोजन नभएको = ०, २ विद्यालय समायोजन = ५, ३ वा बढी विद्यालय समायोजन = १० | १० |
| ३ | सेवा क्षेत्र (Catchment Area) | ३ वडाभन्दा कम = २, ३-४ वडा = ३, ५ वा बढी वडा = ५ | ५ |
| ४ | विद्यालय सुधार योजना (SIP) | नभएको = ०, भएको तर अद्यावधिक नभएको = ५, अद्यावधिक र कार्यान्वयनमा रहेको = १० | १० |
| ५ | पाँच वर्षे विकास योजना | नभएको = ०, मस्यौदा = २, स्वीकृत योजना = ५ | ५ |
| ६ | भौतिक पूर्वाधार | कमजोर = ३, सामान्य = ६, राम्रो = ८, उत्कृष्ट = १० | १० |
| ७ | विज्ञान प्रयोगशाला | नभएको = ०, आंशिक = ३, पूर्ण सञ्चालनमा = ५ | ५ |
| ८ | ICT प्रयोगशाला | नभएको = ०, १० कम्प्युटरसम्म = ३, १० भन्दा बढी तथा सञ्चालनमा = ५ | ५ |

| क्र.सं. | मूल्याङ्कनको आधार | अंक प्रदान गर्ने आधार | अधिकतम अंक |
|---|---|---|---|
| ९ | पुस्तकालय | नभएको = ०, सामान्य = ३, व्यवस्थित = ५ | ५ |
| १० | खेलमैदान | नभएको = ०, सीमित = ३, पर्याप्त = ५ | ५ |
| ११ | खानेपानी तथा सरसफाइ | न्यून = २, सामान्य = ३, मापदण्डअनुसार = ५ | ५ |
| १२ | शैक्षिक उपलब्धि (पछिल्लो ३ वर्षको औसत) | ५०% भन्दा कम = ३, ५०–६५% = ५, ६६–८०% = ८, ८०% भन्दा बढी = १० | १० |
| १३ | समुदाय/स्थानीय साझेदारी | लागत साझेदारी नभएको = ०, १०% सम्म = २, १०-२०% = ३, २०% भन्दा बढी = ५ | ५ |
| १४ | स्थलगत निरीक्षण | निरीक्षण चेकलिस्टका आधारमा | १० |
| **जम्मा** | | | १०० |

**स्थलगत निरीक्षण (१० अंक) को विभाजनः**

| सूचक | अंक |
|---|---|
| विद्यालयको समग्र व्यवस्थापन | २ |
| सिकाइ वातावरण | २ |
| सरसफाइ तथा सुरक्षा | २ |

| **सूचक** | **अंक** |
| --- | --- |
| समुदायको सहभागिता | २ |
| कार्यक्रम कार्यान्वयन क्षमता | २ |
| **जम्मा** | १० |

## अनुसूची-४

स्थलगत निरीक्षण चेकलिष्ट

| विवरण | छ / छैन | टिप्पणी |
|---|---|---|
| पर्याप्त जग्गा | | |
| भवन | | |
| सुरक्षित कक्षा | | |
| खानेपानी | | |
| शौचालय | | |
| ICT Lab | | |
| Library | | |
| Science Lab | | |
| Playground | | |
| Boundary | | |
| Community Support | | |

निरीक्षण समितिको हस्ताक्षरः ....................................

## अनुसूची-५

(दफा १३ सँग सम्बन्धित)

### ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन सम्बन्धी सम्झौता

आज मिति ............ गते बौदीकाली गाउँपालिकाको कार्यालय, डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) (यसपछि "प्रथम पक्ष" भनिने) र ....................................... विद्यालय, वडा नं. ...... (यसपछि "दोस्रो पक्ष" भनिने) बीच देहायका शर्त तथा सर्तहरूमा यो सम्झौता सम्पन्न गरियो।

**१. सम्झौताको उद्देश्य**

ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम विद्यालयको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधार विकास, विद्यार्थी आकर्षण तथा सिकाइ वातावरण अभिवृद्धि गर्ने उद्देश्यले यो सम्झौता गरिएको हो।

**२. कार्यक्रम विवरण**

कार्यक्रमको नाम :

स्वीकृत बजेट :

विद्यालयको लागत साझेदारी :

समुदायको योगदान :

कार्य सम्पन्न अवधि :

कार्यक्रम सञ्चालन स्थान :

**३. प्रथम पक्ष (गाउँपालिका) को दायित्व**

गाउँपालिकाले–

१. सम्झौताबमोजिम अनुदान उपलब्ध गराउने।

२. आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।

३. नियमित अनुगमन तथा सहजीकरण गर्ने।

४. प्राविधिक परीक्षण गर्ने।

५. कार्य सम्पन्न भएपछि अन्तिम मूल्याङ्कन गर्ने।

**४. दोस्रो पक्ष (विद्यालय) को दायित्व**

विद्यालयले–

१. स्वीकृत कार्यक्रम मात्र सञ्चालन गर्ने।

२. अनुदान अन्य शीर्षकमा खर्च नगर्ने।

३. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ (लागू हुने अवस्थामा) र स्थानीय सरकारका वित्तीय नियमहरू पालना गर्ने।

४. छुट्टै लेखा राख्ने।

५. सबै खर्चको बिल, भरपाई तथा अभिलेख सुरक्षित राख्ने।

६. समयमै प्रगति प्रतिवेदन पेश गर्ने।

७. सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण सम्पन्न गर्ने।

८. अन्तिम लेखापरीक्षण गराउने।

**५. अनुदान निकासा**

अनुदान देहायबमोजिम उपलब्ध गराइनेछ–

| किस्ता | प्रतिशत | आधार |
|---|---|---|
| पहिलो | ५०% | सम्झौता सम्पन्न भएपछि |
| अन्तिम | ५०% | कार्य सम्पन्न, प्राविधिक परीक्षण, सामाजिक परीक्षण तथा प्रतिवेदन स्वीकृत भएपछि |

**६. लागत साझेदारी**

विद्यालय तथा समुदायले कम्तीमा .......... प्रतिशत बराबरको नगद/जिन्सी वा श्रमदान उपलब्ध गराउनेछ।

**७. खरिद तथा निर्माण**

१. निर्माण तथा खरिद कार्य प्रचलित कानूनबमोजिम गर्नुपर्नेछ।

२. लागत अनुमान स्वीकृत भएपछि मात्र कार्य प्रारम्भ गरिनेछ।

३. प्राविधिक सुपरिवेक्षण अनिवार्य हुनेछ।

**८. प्रतिवेदन**

विद्यालयले– मासिक प्रगति प्रतिवेदन, त्रैमासिक वित्तीय प्रतिवेदन, अन्तिम कार्य सम्पन्न प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्नेछ।

**९. अनुगमन**

गाउँपालिकाले जुनसुकै समयमा– स्थलगत निरीक्षण, वित्तीय परीक्षण, प्राविधिक परीक्षण, अभिलेख परीक्षण गर्न सक्नेछ। विद्यालयले आवश्यक सहयोग गर्नुपर्नेछ।

**१०. सम्झौता रद्द हुने अवस्था**

देहायको अवस्थामा गाउँपालिकाले सम्झौता रद्द गर्न सक्नेछ– झुट्टा विवरण पेश गरेमा, रकम दुरुपयोग गरेमा, सम्झौताविपरीत खर्च गरेमा, कार्य नगरेमा, अनियमितता प्रमाणित भएमा।

**११. रकम फिर्ता**

अनियमितता प्रमाणित भएमा प्राप्त सम्पूर्ण वा आंशिक अनुदान प्रचलित कानूनबमोजिम सरकारी बाँकीसरह असुलउपर गरिनेछ।

**१२. विवाद समाधान**

सम्झौताको कार्यान्वयनका क्रममा उत्पन्न विवाद आपसी सहमतिबाट समाधान गरिनेछ। सहमतिबाट समाधान हुन नसकेमा प्रचलित कानूनबमोजिम सम्बन्धित निकायमा निर्णयका लागि पठाइनेछ।

**१३. संशोधन**

दुवै पक्षको लिखित सहमतिमा मात्र सम्झौता संशोधन गर्न सकिनेछ।

**१४. सम्झौताको अवधि**

यो सम्झौता हस्ताक्षर भएको मितिदेखि कार्यक्रम सम्पन्न भई अन्तिम भुक्तानी तथा प्रतिवेदन स्वीकृत नभएसम्म कायम रहनेछ।

**१५. अन्य व्यवस्था**

यस सम्झौतामा उल्लेख नभएका विषयमा बौदीकाली गाउँपालिकाको ठूला विद्यालय (Big School) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

**हस्ताक्षर**

**प्रथम पक्ष (बौदीकाली गाउँपालिका)**

प्रमुख प्रशासकीय अधिकृत

नामः ........................................

हस्ताक्षरः ....................................

मितिः ........................................

**दोस्रो पक्ष (विद्यालय)**

प्रधानाध्यापक

नामः ........................................

हस्ताक्षरः ....................................

**विद्यालय व्यवस्थापन समिति अध्यक्ष**

नामः ........................................

हस्ताक्षरः ....................................

**रोहबर**

शिक्षा शाखा प्रमुख

पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख (इन्जिनियर)

आर्थिक प्रशासन शाखा प्रमुख

आज्ञाले,

राकेश कुमार चौधरी

प्रमुख प्रशासकीय अधिकृत

बौदीकाली गाउँपालिका

**प्रमाणीकरण मिति : २०८३/०५/०४**